**आठबीस नगरपालिकाको मिति २०८१ साल असोज १८ गते बसेको १०२ औं बैठकका प्रस्ताव तथा निर्णयहरु**

**प्रस्तावहरु**

१. चालु आर्थिक वर्षका योजना कार्यन्वयन सम्बन्धमा ।
२. १५ शैया आधारभूत अस्पतालको म्याद थप सम्बन्धमा ।
३. प्रशासनिक भवन निर्माणको म्याद थप सम्बन्धमा ।
४. ९ नं. वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।
५. ढुङ्गा गिट्टी तथा बालुवाको ठेक्का बन्दोबस्ती सम्बन्धमा ।
६. १५ शैयाको आधारभूत अस्पतालका भुक्तानी सम्बन्धमा ।
७. ठेक्का बन्दोबस्ति सम्बन्धमा ।
८. अघिल्लो आ व विज्ञापन सम्बन्धमा ।
९. कानूनी परामर्श सेवा सम्बन्धमा ।
१०. प्रधामन्त्री रोजगार कार्यक्रमको बजेट विनियोजन सम्बन्धमा ।
११. प्राकृतिक प्रकोप तथा विपद् बाट मुत्यु भएका व्यक्तिहरुलाई राहत सम्बन्धमा ।
१२. मेयर कप संचालन सम्बन्धमा ।
१३. २ नं. स्थित हुलाकडाँडा प्रहरी चौकीको इन्टरनेट सम्बन्धमा ।
१४. जनज्योती मा वि जग्गा पास सम्बन्धमा ।
१५. १ नं. वडा कार्यालयको जग्गा पास सम्बन्धमा ।
१६. राकमकर्णाली आधारभूत अस्पतालमा कार्यरत मेडिकल अधिकृतको सेवा सुविधा सम्बन्धमा ।
१७. आठबीस नगरपालिकाको सामाजिक मान्यता, गरिबी, जलवायुजन्य प्रभाव तथा जोखिमताको अन्तरनिहित कारणहरुको विश्लेषण प्रतिवेदन २०८० सम्बन्धमा ।
१८. दररेट स्वीकृत गर्ने सम्बन्धमा ।
१९. भैरव माध्यामिक विद्यालयको जग्गा पास सम्बन्धमा ।

**निर्णयहरु**

१. यस आठबीस नगरपालिकाको चालु आ.व. २०८१।०८२ वार्षिक स्वीकृत कार्यक्रम अनुसार नगरपालिका, प्रदेश तथा संघ सरकारबाट स्वीकृत आयोजना तथा कार्यक्रमहरुको मिति २०८१ कार्तिक मसान्त भित्र उपभोक्ता समिति गठन गरी अनिवार्य सम्झौता गर्ने निर्णय गरियो ।
२. यस आठबीस नगरपालिका वडा नं. ४ नैनमाण्डुमा निर्माणाधिन १५ शैया आधारभूत अस्पतालको भवन निर्माणको लागि श्री वल्डवाइड मंगलदिप जेभि काठमाण्डौ र यस कार्यालय विच मिति २०७८।०८।०१ गते भएको सम्झौता अनुसार उक्त भवन मिति २०८०।११।२९ गते सम्पन्न गरिसक्नुपर्नेमा संघीय सरकार र स्वास्थ्य मन्त्रालयबाट समयमा बजेट निकासा नभएकोले श्री बल्डवाइड मंगलदिप जे भिले म्याद थप गरिपाँउ भनि यस कार्यालयमा पेश गरेको निवेदन अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम संसोधन सहितको उक्त भवन निर्माणको लागि दोस्रो पटक मिति २०८१।११।३० गते सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।
३. यस आठबीस नगरपालिका वडा नं. ४ स्थित गैराखेतमा निर्माणाधिन प्रशासनिक भवन निर्माणको लागि श्री अविसा निर्माण सेवा काठमाण्डौ र यस कार्यालय विच मिति २०७९।०५।२९ गते भएको सम्झौता अनुसार उक्त भवन मिति २०८१।०६।३० गते सम्पन्न गरिसक्नुपर्नेमा संघीय सरकार स्थानीय पुर्वाधार विभाग पुल्चोक ललितपुरबाट समयमा बजेट निकासा नभएकोले श्री अविसा निर्माण सेवा काठमाण्डौले म्याद थप गरिपाँउ भनि यस कार्यालयमा पेश गरेको निवेदन अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम

१२० बमोजिम संसोधन सहित बमोजिम उक्त भवन निर्माणको लागि मिति २०८१ चैत्र मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

४. यस आठबीस नगरपालिका वडा नं. ९ को स्थायी केन्द्रको सम्बन्धमा बडाअध्यक्षबाट कार्यपालिकाको बैठकमा पेस गरिएको प्रस्ताव माथि छलफल भयो । सो सम्बन्धमा नगर प्रमुख लगायतका पदाधिकारीहरुले ९ नं. वडाको अनुगमन तथा अध्ययन गरी आगामी कार्यपालिकाको बैठकबाट वडा कार्यालयको स्थायी केन्द्र तोक्ने निर्णय गरियो ।

५. यस आठबीस नगपालिकाको क्षेत्र भित्र निर्माण हुने संरचनाहरुको लागि ढुङ्गा, गिट्टी तथा वालुवाको आवश्यक पर्ने भएकोले नगरपालिका क्षेत्र भित्रदेखि उत्खनन् हुने ढुङ्गा, गिट्टी, तथा वालुवा (दहत्तर बहत्तर) को उत्खनन् को लागि परामर्शदाता कम्पनीले कार्यापालिकाको बैठकमा पेश गरेको IEE (बातावरणिय प्रभाव मुल्याङ्कन) प्रतिवेदन स्वीकृत गर्ने । र IEE (वातावरणिय प्रभाव मुल्याङ्कन ) प्रतिवेदन अनुसार देहायबमोजिमको परिणाम तथा घ.मि. ढुङ्गा, गिट्टी तथा वालुवाको उत्खनन् को लागि मालचौर देखि टुनिवगर झोलुङ्गेपुल सम्म कर्णाली नदिको बगर सम्म १९,९०,०००।– (अक्षरेपी उन्नाइस लाख ९० हजार मात्र) र टुनिबगर देखि रामघाट हुदै चिनेखोलासम्मको लागि १५,००,०००।– (अक्षरेपी पन्ध लाख मात्र) को परिणाममा ढुङ्गा गिट्टी तथा वालुवाको उत्खनन को लागि प्रचलित ऐन कानून बमोजिम ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

६. यस आठबीस नगरपालिका वडा नं. ४ स्थित १५ शैया आधारभूत अस्पताल भवन निर्माण लागि कर्णाली प्रदेश सरकारबाट चालु आर्थिक वर्ष २०८१।०८२ को लागि सशर्त अनुदान वापत आठबीस नगरपालिका अस्पताल भवन निर्माणको लागि रु. ३ करोड विनियोजन भएकोले श्री वल्डवाइड मंगलदिप जेभि काठमाण्डौले पेश गरेको रनिङ्ग विल वापतको रकम प्राविधिक मुल्याङ्कन अनुसार भुक्तानी दिने निर्णय गरियो ।

७. यस आठबीस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार समपुरक अनुदानको लागि नगरपालिकाबाट ५० प्रतिशत रकम लागत साझेदारी गर्ने र विशेष अनुदानका ठुला आयोजनाहरुको आवश्कता अनुसार IEE (वातावरणीय प्रभाव मुल्याङ्कन) प्रतिवेदन र DPR(Detail Project Report) तयार गरी मिति २०८१ कार्तिक मसान्त भित्र अनिवार्य सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ संसोधन सहित खरिद कार्य अगाडी बढाउने निर्णय गरियो ।

८. यस आठबीस नगरपालिकाको कार्यालयबाट आ.व २०८१।०८२ मा मिति २०८१।०१।०३ गते प्रकाशित सूचना अनुसार विज्ञापन नं. १/२०८०-०८१, विज्ञापन नं. ३/२०८०-०८१, विज्ञापन नं. ४/२०८०-०८१, विज्ञापन नं. ५/२०८०-०८१ र विज्ञापन नं. ६/२०८०-०८१, मा स्थगित भएका विज्ञापनहरुको परिक्षा संचालन गर्ने र विज्ञापन नं. २/२०८०-०८१ को संघीय सरकारबाट बजेट प्राप्त नभएकोले उक्त विज्ञापन रद्द गर्ने निर्णय गरियो ।

९. यस आठबीस नगरपालिकाको कार्यालयका जनप्रतिनिधि र कर्मचारीहरुलाई विपक्षी बनाइ दायर भएका मुद्दा तथा रिटहरुको लागि प्रचलिन ऐन कानून बमोजिम कानूनी परामर्श सेवा खरिद गर्ने निर्णय गरियो ।

१०. यस आठबीस नगरपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संघीय सरकारबाट प्राप्त सशर्त अनुदान वापतको चालु आर्थिक वर्ष २०८१।०८२ को वार्षिक स्वीकृत कार्यक्रम देहायबमोजिमका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

**देहाय**

| क स | योजनाको नाम | वडा नं. | विनियोजित बजेट | बजेटको श्रोत | जना |
|---|---|---|---|---|---|
| १ | श्रीकोट देखि कालपाटा सम्म गोरेटो बाटो निर्माण | २ | ६,६८,०००।- | आइडिए | १० |
| २ | लेकगाँउ सैतिमाडु गोरेटोबाटो निर्माण | ३ | ६,६८,०००।- | आइडिए | १० |
| ३ | तारापानी सडक निर्माण | ४ | ६,६८,०००।- | आइडिए | १० |
| ४ | मालाचौर दिप मा वि गोरेटो बाटो निर्माण | ५ | ८,०१,६००।- | नेपाल सरकार | १२ |
| ५ | नारायण मा.वि. देखि वडापातल सम्म गोरेटो बाटो निर्माण | ७ | ५,३४,०००।- | नेपाल सरकार | ८ |
| ६ | आदर्श आधारभूत विद्यालय राइढुङ्गा भवन निर्माण | ९ | १०,०२,०००।- | नेपाल सरकार | १५ |

११.	यस आठबीस नगरपालिकाको प्राकृतिक प्रकोप बाढी, पहिरो, आगलागि, भुकुम्प, चटयाङ्गामा र क्यासर भइ मृत्यु भएका व्यक्तिका परिवारहरुलाई देहायबमोजिमको रकम राहत स्वरुप विपद् व्यवस्थापन कोष तथा र आर्थिक सहायत वापतको उपलब्ध गराउने निर्णय गरियो ।

**देहाय**

| क स | नाम | ठेगाना | मृत्युको कारण | राहत रकम | भुक्तानी दिने खर्च शिर्षक |
|---|---|---|---|---|---|
| १ | नविना विष्ट | आठबीस-४ | बाढि, पहिरो | १ लाख | विपदबाट भुक्तानी |
| २ | उमेश थापा | आठबीस-५ | चटयाङ्ग | १ लाख | विपदबाट भुक्तानी |
| ३ | रोशन विष्ट | आठबीस-५ | चटयाङ्ग | १ लाख | विपदबाट भुक्तानी |
| ४ | विभव कठायत | आठबीस-३ | नदिमा डुवेर | १ लाख | विपदबाट भुक्तानी |
| ५ | नविन वडुवाल | आठबीस-७ | क्यान्सर | १ लाख | आर्थिक सहायतबाट |
| ६ | बखत बडुवाल | आठबीस-८ | क्यान्सर | १ लाख | आर्थिक सहायतबाट |
| ७ | गणेश नेपाली | आठबीस-१ | क्यान्सर | १ लाख | आर्थिक सहायतबाट |

१२.	यस आठबीस नगरपालिकाको चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम अनुसार मेयर कप कार्यक्रम दशै र तिहारको विचमा आठबीस नगरपालिका वडा नं. ४ राकमकर्णाली दैलेखमा संचालन गर्ने निर्णय गरियो ।

१३.	यस आठबीस नगरपालिका वडा नं. २ हुलाकडाँडामा संचालिन अस्थायी प्रहरी चौकीलाइ इन्टरनेट दस्तुर वापतको रकम भुक्तानी दिने निर्णय गरियो ।

१४.	यस आठबीस नगरपालिका वडा नं. ४ स्थित श्री जनज्योती माध्यामिक विद्यालय राकम कर्णाली दैलेख साविक राकमकर्णाली गा. वि. स. ७ हाल आठबीस नगरपालिका वडा नं. ४ स्थित श्री पौंजे माझीको नाति, श्री पहराम माझीको छोरा श्री कर्ण बहादुर माझीको नाममा रहेको कित्ता नं. ३१० को क्षेत्रफल ३६६ वर्गमिटर जग्गा विद्यालयको नाममा नामसारी गर्नुपर्ने भएकाले जग्गा पास गर्दा लाग्ने राजश्व दस्तुर छुट गरिदिनको लागि श्री मालपोत कार्यालय दुल्लु दैलेखलाई अनुरोध गर्ने निर्णय गरियो ।

१५.	यस आठबीस नगरपालिका वडा नं. १ स्थित स्व. गच्या थापाको नाति, स्व. रत्न थापाको छोरा श्री रवि थापाले निशुल्क जग्गा दान गर्न इच्छुक भएकोले आठबीस नगरपालिका वडा नं. १ को वडा कार्यालयको लागि कित्ता नं. ४०१ र ४०४ को २०००।– वर्गमिटर जग्गा पास गर्दा लाग्ने राजश्व दस्तुर छुट गरिदिनको लागि श्री मालपोत कार्यालय दुल्लु दैलेखलाई अनुरोध गर्ने निर्णय गरियो ।

१६.	यस आठबीस नगरपालिका वडा नं. ४ स्थित राकमकर्णाली आधारभूत अस्पतालमा कार्यरत मेडिकल अधिकृतको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाको च. नं. २०८१।०८२-५५८ र मिति २०८१।०३।२८ गतेको पत्रानुसार डा. लोक जङ्ग शाहीलाई खाजा, खाना,संचार र आवास वापत मासिक रु. ५००००।– (अक्षेरेपी पचास हजार मात्र ) मिति २०८१।०४।०१ गते देखि लागू हुने गरी उपलब्ध गराउने निर्णय गरियो । र राकमकर्णाली अस्पतालमा कार्यरत ल्याव असिस्टेन्ट (चौथो तह) पदमा कार्यरत श्री भुवन कुमार शाहीलाई सहायकस्तर चौथो तहको सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

१७.	आठबीस नगरपालिकाको सामाजिक मान्यता, गरिबी, जलवायुजन्य प्रभाव तथा जोखिमताको अन्तरनिहित कारणहरुको विश्लेण प्रतिवेदन २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

१८.	यस आठबीस नगरपालिकाको चालु आर्थिक वर्ष २०८१।०८२ लागि जिल्ला दररेट अनुसार पुर्वाधार विकास शाखाबाट पेश भएको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

१९.	यस आठबीस नगरपालिका वडा नं. ६ स्थित श्री भैरव माध्यामिक विद्यालय राँता दैलेख साविक सिहासैन गा. वि. स. ८ हाल आठबीस नगरपालिका वडा नं. ६ स्थित श्री अज थापाले विद्यालयको नाममा निशुल्क जग्गा दान गर्न इच्छुक भएकोले कित्ता नं. ४४९ को जग्गा उक्त विद्यालयको नाममा नामसारी गर्नुपर्ने भएकाले जग्गा पास गर्दा लाग्ने राजश्व दस्तुर छुट गरिदिनको लागि श्री मालपोत कार्यालय दुल्लु दैलेखलाई अनुरोध गर्ने निर्णय गरियो ।

२०. भिम बहादुर कार्कीको छोरा दैलेख जिल्ला सिंगौडी गाविस वडा नं.९ को हाल परिवर्तित आठबीस नगरपालिका वडा नं.३ जाक्सी बस्ने बर्ष ३१ को सुरेन्द्र कार्कीले यस आठबीस नगरपालिका नगर कार्यपालिकाको कार्यालय दैलेख -१ प्रमुख प्रशासकीय अधिकृत आठबीस नगर कार्यपालिका कार्यालय -१ नगर शिक्षा समिति आठबीस नगरपालिका कार्यालय -१ शिक्षा शाखा प्रमुख समेत ६ जना लाई विपक्षी बनाई श्री सर्वोच्च अदालत काठमाडौमा उत्प्रेषण, परमादेश लगायत जो चाहिने आज्ञा आदेश वा पूर्जि जारी गरीपाउँ भनी रिट निवेदन दर्ता गरि हाम्रो नाममा जारी सूचनाको म्याद मिति २०८१ असोज ४ गते बुझी पाएकोले म्याद भित्रै लिखत जवाफ पेश गरि मुद्दामा रुजु हाजिर रहन ,कानून व्यवसायी नियुक्त गर्न ,कानून बमोजिमको वारेस नियुक्त गर्न लगायतका काम गर्ने प्रयोजनका लागि यसै नगरपालिकाको सूचना प्रविधि अधिकृत पदमा कार्यरत श्री शेर बहादुर सिजापतिलाई अख्तियारी दिने निर्णय गरियो ।